सियारी गाउँपालिका
Siyari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive

च.नं./Ref No.: ८२३२
प.सं./Dispatch No. ०६९/०८०

लुम्बिनी, प्रदेश नेपाल
Lumbini Provience, Nepal

मिति – २०८०/०३/०१

विषय – अन्तिम भुक्तानी सम्बन्धमा ।

श्री निर्माण व्यवसायी (सबै)

श्री विषयगत शाखा (सबै)

श्री उपभोक्ता समिती (सबै)

श्री वडा कार्यलय (सबै)

श्री सरोकारवाला (सबै)

सियारी गाँउपालिका ।

प्रस्तुत विषय सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १ र नियम ३०(२) ले आर्थिक वर्ष समाप्त हुनु भन्दा एक साता अगावै भुक्तानी दिई भुक्तानी/निकासा बन्द गरी हिसाव मिलान गरी सो को प्रतिवेदन तालुक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ। सो सम्बन्धमा स्थानीय तहमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट आर्थिक कारोवार हुने गरेकोमा गत आ.व मा असार २४ गते नै SUTRA बन्द भै आर्थिक कारोबार बन्द भएको व्यहोरा अवगत नै छ ।

तसर्थ सो सम्बन्धमा चालु आ.व २०७९/०८० का लागी स्वीकृत सम्पूर्ण योजना तथा कार्यक्रमहरुको मिति २०८० असार १५ गते भित्रमा फरफारक गरी अन्तिम भुक्तानीको सिमा तोकीएको हुदा सोही अनुसार गर्नु/गराउनुहुन सम्पुर्ण सरोकारवालाहरुमा जानकारी गराईन्छ । साथै तोकिएको समय सिमा पश्चात कागजात पेश गरी भुक्तानी नभएमा स्वयं उपभोक्ता समिती, निर्माण व्यवसायी, सप्लायर्स, परामर्शदाता तथा सरोकारवाला: जिम्मेवार रहनु पर्ने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**नोट – गा.पा. कार्यलयवाट अनुगमन पश्चात भुक्तानी हुने योजनाहरुको लागी मिति २०८०/०३/०५ गते भित्र अनिवार्य रुपमा कागजात पेश गर्नुहुन अनुरोध छ ।**

**नारायण प्रसाद पौडेल**
**लेखा अधिकृत**

**रोम नाथ न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**

अवगतार्थ : अध्यक्ष्य ज्यू तथा उपाध्यक्ष्य ज्यू को सचिवालय ।